# नेपाल स्वास्थ्य अनुसन्धान रणनीति
## २०७६

नेपाल सरकार
**नेपाल स्वास्थ्य अनुसन्धान परिषद्**

# नेपाल स्वास्थ्य अनुसन्धान रणनीति, २०७६

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्
२०७६

# भूमिका

संविधानसभावाट नयाँ संविधान जारी भएपश्चात संविधानले स्वास्थ्य सेवा र स्वास्थ्य अनुसन्धानका सन्दर्भमा गरेको मार्गदर्शन र संघीय संरचनालाई समेत मध्येनजर गर्दै राष्ट्रिय स्वास्थ्य नीति २०७६ को अधिनमा रहि नेपाल स्वास्थ्य अनुसन्धान परिषदले यो रणनीति तर्जुमा गरेको हो । संविधानले परि कल्पना गरेको गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुसन्धानवाट प्राप्त तथ्य र प्रमाणमा आधारित नीति निर्माण र योजना तर्जुमा महत्वपूर्ण हुन्छ । स्वास्थ्य अनुसन्धान, अनुसन्धानको प्रवर्द्धन र नियमन गर्न तथा गुणस्तरीय स्वास्थ्य अनुसन्धानवाट प्राप्त तथ्य र प्रमाणमा आधारित स्वास्थ्य पद्धतिको विकास गर्न यो रणनीति स्वास्थ्य क्षेत्रको अनुसन्धानको नीतिगत दस्तावेजको रुपमा रहनेछ ।

विभिन्न स्वास्थ्य अनुसन्धानसँग सम्बन्धित अध्ययन र गतिविधिहरुमा उच्च स्तर कायम गराउनु, स्वास्थ्य सम्बन्धी समस्यामा विश्वव्यापी र राष्ट्रिय स्तरको प्रमाण प्राप्त गर्नु र प्रमाण आधारित नीति निर्माण र योजना बनाउन पहल गर्नु नै स्वास्थ्य अनुसन्धान परिषद्को उद्देश्य हो । स्वास्थ्य अनुसन्धान प्रणालीलाई थप व्यवस्थित, गुणस्तरीय, विश्वसनीय र प्रभावकारी वनाउन, संघीयता अनुरुप स्वास्थ्य अनुसन्धान प्रणालीको विकास र विस्तार गर्ने, स्वास्थ्य अनुसन्धानमा आधारित नीति निमार्ण, योजना तर्जुमा गर्न तथ्य र प्रमाण उपलब्ध गराउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुसन्धान आचार संहिता र मान्यताहरुको अबलम्बन गर्दै स्वास्थ्य अनुसन्धानको प्रभावकारी नियमन गर्ने, स्वास्थ्य अनुसन्धानका विभिन्न विषयगत क्षेत्रहरुमा अनुसन्धान क्षमता अभिबृद्धि गर्ने र अनुसन्धान संस्कृतिको प्रवर्द्धन तथा नवीनतम ज्ञान र प्रविधिलाई प्रोत्साहन गर्ने उद्देश्य सहित तयार गरिएको यस रणनीतिक दस्तावेजले नेपालको स्वास्थ्य अनुसन्धानको क्षेत्रमा महत्वपूर्ण योगदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

यो रणनीति निर्माणको क्रममा नेपालको संविधान र राष्ट्रिय स्वास्थ्य नीतिका साथै अन्तर्राष्ट्रिय रुपमा विकसित भएका स्वास्थ्य अनुसन्धान सम्बन्धि दस्तावेजहरु समेत अध्ययन गरी कानुन निर्माता, नीति निर्माता, विकासका बाह्य साझेदार तथा स्वास्थ्यसंग सम्वन्धित सम्पूर्ण सरोकारहरुवालाको सहभागितामा विभिन्न गोष्ठी, छलफल गरी तयार पारिएको हो । यस रणनीतिको तयारीको क्रममा संलग्न हुनु भएको सम्पूर्ण सदस्यहरुलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, यस रणनीतिको कार्यान्वयनमा सवै पक्षको सहयोगको अपेक्षा लिएको छु ।

**प्रा.डा. अञ्जनीकुमार झा**
**कार्यकारी अध्यक्ष**

# विषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | नीतिगत सन्दर्भ | २ |
| ३. | विद्यमान स्थिति | २ |
| ४. | समस्या र चुनौती | ४ |
| ५. | औचित्य र आवश्यकता | ५ |
| ६. | सोच (Vision) | ५ |
| ७. | ध्येय (Mission) | ६ |
| ८. | लक्ष्य (Goal) | ६ |
| ९. | उद्देश्यहरु | ६ |
| १०. | रणनीतिको क्षेत्राधिकार | ६ |
| ११. | मार्गनिर्देशक नीति | ६ |
| १२. | रणनीतिहरु | ७ |
| १३. | रणनीति अन्तर्गतका कार्यनीतिहरु | १२ |
| १४. | संस्थागत व्यवस्था | १३ |
| १५. | वित्तीय स्रोत | १३ |
| १६. | अनुगमन तथा मूल्याङ्कन | १३ |
| १७. | जोखिम | १३ |
| १८. | खारेजी र वचाउ | १४ |

# १. पृष्ठभूमि

गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुसन्धानवाट प्राप्त तथ्य र प्रमाणमा आधारित नीति निर्माण र योजना तर्जुमा महत्वपूर्ण हुन्छ । पछिल्ला वर्षहरुमा नेपालमा स्वास्थ्य अनुसन्धान संस्कृतिमा वृद्धि हुदै गएको छ। वि.सं. २०४६ साल अगाडि स्वास्थ्य अनुसन्धानको क्षेत्र खासै प्राथमिकताको विषय थिएन । त्यस अघि स्वास्थ्य मन्त्रालयको मातहतमा नेपाल चिकित्सा अनुसन्धान समिति मार्फत स्वास्थ्य अनुसन्धानको गतिविधि हुन्थ्यो । प्रजातन्त्रको पुनर्स्थापना पश्चात अन्य क्षेत्रमा भएको विस्तारसंगै स्वास्थ्य क्षेत्रमा गुणस्तरीय अनुसन्धान गर्न, स्वास्थ्य क्षेत्रमा परेका र पर्न सक्ने बिभिन्न समस्याको अध्ययन र अनुसन्धान गर्न, अनुसन्धान संस्कृतिको प्रवर्द्धन गर्न तथा स्वास्थ्य अनुसन्धानका विषयलाई नियमन र स्वीकृति प्रदान गर्न स्वायत्त निकायको आवश्यकता महशुस गरियो । जस अनुरुप नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ जारी भयो र सोहि ऐन बमोजिम नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को स्थापना भयो । परिषद् ऐन २०४७ ले स्वास्थ्य सम्बन्धी विभिन्न क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने, स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने, स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानका प्राथमिकताका क्षेत्रहरु तोक्ने कार्य परिषदलाई दिएको छ ।

त्यस पश्चात नेपालमा स्वास्थ्य अनुसन्धानका सवै पक्षहरुको प्रवर्द्धन, कार्यन्वयन तथा उपयोगका लागि दिशा निर्देश गर्ने तथा राष्ट्रिय स्वास्थ्य अनुसन्धान प्रणालीको विकास गर्ने सोंचका साथ २०६० सालमामा पहिलो पटक नेपाल स्वास्थ्य अनुसन्धान नीति तर्जुमा भयो । पुनः २०६७ सालमा उक्त नीति परिमार्जित रुपमा जारी गरियो जसले गुणस्तरीय स्वास्थ्यका लागि स्वास्थ्य अनुसन्धानको विषयमा जोड दियो। यस वीचमा २०७१ सालमा नेपाल सरकारले राष्ट्रिय स्वास्थ्य नीति जारी गऱ्यो जसले २०६३ सालको अन्तरिम संविधानको मर्म अनुरुप सहभागिता मूलक निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई जोड दिएको थियो । त्यस पश्चात संविधान र स्वास्थ्य नीतिको त्यहि भावना अनुसार स्वास्थ्य अनुसन्धान रणनीति र प्राथमिकता तय गरि स्वास्थ्य अनुसन्धानका गतिविधिहरु संचालन भइरहेका छन ।

वि.सं. २०७२ सालमा संविधानसभावाट नयाँ संविधान जारी भएपश्चात संविधानले स्वास्थ्य सेवा र अनुसन्धानका सन्दर्भमा गरेको मार्गदर्शन र संघीय संरचनामा स्वास्थ्य सेवा प्रवाहको व्यवस्थालाई समेत मध्ये नजर गर्दै विद्यमान स्वास्थ्य नीति, रणनीति र कानून निर्माण र परिमार्जन भइरहेका छन । जनस्वास्थ्यका विविध पक्षलाई समेटेर जनस्वास्थ्य सेवा ऐन जारी भइसकेको छ। संघीय संरचना अनुरुप तीन तहको सरकार मार्फत स्वास्थ्य सेवा प्रवाह भइरहेको छ ।

संविधानले मार्गनिर्देश गरे वमोजिम नेपाल सरकारले राष्ट्रिय स्वास्थ्य नीति २०७६ जारी गरेको

छ । जसले संघीय संरचनामा सवै वर्गका नागरिकका लागि सामाजिक न्याय तथा सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोग सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यस अवस्थामा संविधानको मर्म र भावना, राष्ट्रिय स्वास्थ्य नीति, दीगो विकास लक्ष्य (SDG)र स्वास्थ्यमा सर्वव्यापी पहुँच (UHC) को अवधारणा र मापदण्ड लगायत स्वास्थ्य क्षेत्रमा अन्तर्राष्ट्रिय क्षेत्रमा सरकारले गरेका प्रतिवद्धता अनुरुप गुणस्तरीय र सर्भसुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्न स्वास्थ्य अनुसन्धान प्रणालीलाई थप व्यवस्थित, गुणस्तरीय, विश्वसनीय र प्रभावकारी वनाउनु जरुरी छ ।

## २. नीतिगत सन्दर्भ

नेपालको संविधानले स्वास्थ्य सम्बन्धि हकलाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा सुनिश्चितता गर्दै स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिने नीति लिएको छ । राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरुलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गर्ने नीति लिएको छ । नेपालको संविधान र राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले मार्गनिर्देश गरेबमोजिम स्वास्थ्य अनुसन्धान, अनुसन्धानको प्रवर्द्धन र नियमन गर्न तथा गुणस्तरीय स्वास्थ्य अनुसन्धानवाट प्राप्त तथ्य र प्रमाणमा आधारित स्वास्थ्य पद्धतिको विकास गर्न बाञ्छनीय भएकोले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले स्वास्थ्य क्षेत्रको अनुसन्धानको नीतिगत दस्तावेजको रुपमा योरणनीति २०७६ तर्जुमा गरेको छ।

## ३. विद्यमान स्थिति

नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन २०४७ ले तोकेको अधिकार बमोजिम परिषदले हाल नेपाल भित्र स्वास्थ्य सम्बन्धी विभिन्न क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने र गराउने, स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने, स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानका प्राथमिकता क्षेत्रहरु तोक्ने, स्वास्थ्यसंग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानको लागि सहमति दिने, प्रमाणिकता निर्धारण गर्ने तथा नेपाल सरकार समक्ष सिफारिस गर्ने, स्वास्थ्यसंग सम्बन्धित अनुसन्धान कार्यलाई समन्वय, मार्गदर्शन तथा मूल्याङ्कन गर्ने र आवश्यक सल्लाह उपलब्ध गराउने लगायतका कामहरु गर्दै आएको छ ।

परिषद्ले नेपाल भित्र भईरहेका अध्ययन अनुसन्धान कार्यका लागि आवश्यक पर्ने प्रस्ताव लगायत सम्पूर्ण कागजात चेकजाँच गरी आचार संहिता पुनरावलोकन बोर्ड (Ethical Review Board-ERB)

बाट स्वीकृति प्रदान गर्ने कार्य समेत गर्दछ। पछिल्ला वर्षहरुमा अनुसन्धान संस्कृतिको वृद्धि भएसंगै आचार सहिंता पुनरावलोकन बोर्डमार्फत प्रस्तावहरुको स्वीकृति प्रदान गर्ने कार्य विस्तार भएको छ।

सन् २०१९ मा मात्रै बोर्डले हालसम्म ९१६ प्रस्तावहरु स्वीकृत गरिसकेको छ। परिषदको बोर्डसंग सम्बन्धन लिएर हाल नेपालमा ४७ IRC कृयाशील छन जसले बोर्डले जतिकै संख्यामा अनुसन्धान प्रस्तावहरु स्वीकृत गरेका छन । नेपालमा सञ्चालन गरिने हरेक प्रकारका स्वास्थ्यसम्बन्धी अनुसन्धानहरुको प्राबिधिक एवं आचार संहिताको गुणस्तर कायम राख्न समन्वय, अनुगमन र नियमन लगायतका कार्य समेत परिषदले गर्दै आईरहेको छ । यसका साथै अध्ययन र अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणहरुलाई नीति निर्माण तहमा पुऱ्याउन परिषदले निरन्तर पैरवी समेत गर्दै आएको छ। प्राज्ञिक क्षेत्रसंगको सहकार्यमा अनुसन्धानलाई व्यवस्थित वनाउने प्रयास समेत परिषदले गरिरहेको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐनले दिएको म्यान्डेट अनुरुप परिषद आफैले राष्ट्रिय हितका प्राथमिकताका विषयमा राष्ट्रिय स्तरमा अनुसन्धान गर्दै नीति निर्माणका लागि अनुसन्धान परिणाम उपलब्ध गराउँदै आएको छ । जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्री (Population based cancer registry), राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण, क्त्भ्एक सर्वेक्षण, Disbursement linked Indicators (DLI), सिकिल सेल एनिमेनिया, Outbreak investigation and survellience, नसर्ने रोगहरु, SDG, वातावरणीय स्वास्थ्य, परम्परागत औषधिहरु, सरूवा रोगहरु लगायत केही उल्लेखनीय क्षेत्रहरुमा परिषदले अनुसन्धान गरेको छ।

नेपालमा विभिन्न स्वास्थ्य अनुसन्धानको उच्च स्तरको प्राविधिक र नैतिक स्तरहरु कायम गराउनु परिषदको प्रमुख उद्देश्य हो। त्यसै अनुरुप आफ्नो स्थापनादेखि नै परिषदले अनुसन्धान र क्षमतालाई अभिवृद्धि गर्न तथा गुणस्तरीय स्वास्थ्य अनुसन्धानको विकास गर्न स्वास्थ्य अनुसन्धानसंग सम्बन्धित प्रशिक्षण र कार्यशाला संचालन गर्दै आइरहेको छ । हालसम्म परिषदले सफलतापूर्वक १६८ वटा प्रशिक्षण प्रदान गरिसकेको छ जस बाट४४४२ सहभागि लाभान्वित भएका छन्।

पछिल्ला वर्षहरुमा स्वास्थ्य अनुसन्धान संस्कृति बढ्दै गएको छ । सन १९९० को दशकको प्रारम्भमा ९ वटा स्वास्थ्य अनुसन्धानको परियोजना रहेकोमा सन २०१८ को अन्त्यसम्म आइपुग्दा प्रत्येक वर्ष २००० को दरले वृद्धि भएको छ। परिषदले मानसिक स्वास्थ्य, नसर्ने रोगको जोखिम, रोगको भार स्वास्थ्य बीमा लगायत सरकारले प्राथमिकतामा राखे बमोजिमका क्षेत्रमा राष्ट्रिय स्तरको अध्ययन तथा अनुसन्धान सञ्चालन गरेको छ भने electronic medical record, school health, climate change and health, population based cancer registry लगायतका क्षेत्रमा

Implementation Research र नमुना अध्ययन समेत गरिरहेको छ । परिषद र अन्य अनुसन्धान संस्थाहरुद्वारा संचालित अनुसन्धानको निष्कर्षलाई प्रमाणलाई स्वास्थ्य नीति, स्वास्थ्य क्षेत्रको रणनीतिहरु, आवधिक योजनाहरु लगायत स्वास्थ्य संग सम्बन्धित नीति निर्माणको तहमा उपयोग गरिएको छ । यसैले नेपालमा नीति योजनाको निर्माणमा अनुसन्धानको महत्वलाई प्रष्ट गर्दछ ।

स्वास्थ्य अनुसन्धानको क्षेत्रमा पछिल्ला बर्षहरुमा थुप्रै प्रगति र उपलब्धिहरु भएका छन । तर यी यावत कामहरुका वावजुत थप प्रभावकारी, गुणस्तरीय र विश्वसनीय वनाउन तथा जनस्वास्थ्यका पछिल्ला चुनौतीको सामाना गर्न स्वास्थ्य अनुसन्धानको लागि आवश्यक प्रविधि, पुर्वाधार, जनशक्ति र स्रोत साधनको आवश्यकता छ ।

संविधान र संघीय संरचना अनुरुप स्वास्थ्य सेवा प्रवाह संघ, प्रदेश र स्थानीय तहमार्फत भइरहेको तथा संविधानले नै निःशुल्क आधारभूत स्वास्थ्य सेवा स्थानीय तहवाट प्रवाह हुने सुनिश्चितता गरेको अवस्थामा स्वास्थ्य अनुसन्धानको क्षेत्र, विषय र प्राथमिकता समेत त्यसै अनुरुप तय गर्नु जरूरी छ ।

स्वास्थ्य अनुसन्धान परिषद नियमनकारी निकाय समेत भएकोले छरिएर रहेका स्वास्थ्य अनुसन्धानका क्षेत्रलाई एकीकृत गर्दै नियमन गर्ने तथा यस क्षेत्रमा कृयाशील सरकारी, गैर सरकारी क्षेत्र, विश्वविद्यालय लगायतका निकाय, अन्तर्राष्ट्रिय संघ संस्थासंग समन्वय र सहकार्यलाई समेत व्यवस्थित, पारदर्शी र उत्तरदायी वनाउनु पर्नेछ ।

यसैगरि पछिल्ला दिनमा खाद्य, पानी, वायू, ध्वनिको प्रदुषण, जलवायु परिवर्तन लगायतका कारणले जनस्वास्थ्यमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारिरहेको र नसर्ने रोग लगायतका नवीनतम रोगको वढ्दो भारलाई मध्यनजर गर्दै त्यसको न्यूनिकरण र नियन्त्रण गर्नको लागि स्वास्थ्य अनुसन्धानको दायरा र प्राथमिकता फराकिलो बनाउनुपर्ने अवस्था सृजना भएको छ ।

## ४. समस्या र चुनौती

स्वास्थ्य अनुसन्धानको क्षेत्रमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरु निम्न बमोजिम रहेका छन् ।

१. संविधानको मर्म अनुरुप संघीय, प्रादेशिक र स्थानीय सरकारसँग समन्वय, सहजीकरण र सहकार्य गर्न तथा नेपालको स्वास्थ्य अनुसन्धान प्रणालीलाई संघीय संरचना अनुरुप विकास, विस्तार र व्यवस्थापन गर्नुपर्ने चुनौती विद्यमान छ ।

२. स्वास्थ्य क्षेत्रमा हुने अनुसन्धानहरुको प्रभावकारी अनुगमन, मूल्यांकन रनियमन गर्न नीतिगत तथा संरचनागत क्षमता, आर्थिक स्रोत, दक्ष जनशक्ति र प्रविधिको अप्रयाप्तता छ भने अर्कोतर्फ उपलब्ध जनशक्तिको समेत सहि सदुपयोग हुन सकेको छैन ।

३. स्वास्थ्य अनुसन्धानलाई थप गुणस्तरीय र विश्वसनीय बनाउन क्षमता अभिवृद्धिका साथै आवश्यक समन्वय, सहकार्य र साझेदारी सहितको सञ्जालको कमीरहेको छ ।

४. अनुसन्धानकर्ता तथा नीति निमार्ताहरुको बीचको सूचना प्रवाहको कमीले गर्दा अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणहरु नीति निर्माण तहमा प्रभावकारी ढङ्गले पुग्न सकेका छैनन् ।

५. नेपालमा अनुसन्धानात्मक प्रयोगशाला प्रयाप्त नभएकोले संकलित नमुनाहरु देश बाहिर पठाउनु पर्ने अवस्था विद्यमान छ ।

## ५. औचित्य र आवश्यकता

१. नेपालको संविधान,नेपालले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, दीगो विकास लक्ष्य (SDG) र स्वास्थ्यमा सर्वव्यापी पहुँच (UHC)को अवधारणा तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ अनुरुप स्वास्थ्य अनुसन्धान नीतिररणनीति, प्राथमिकता र योजनाको समयानुकूल परिमार्जन गर्नु पर्ने आवश्यकता छ ।

२. स्वास्थ्य अनुसन्धानलाई प्रभावकारी, विश्वसनीय र गुणस्तरीय वनाउन अनुसन्धानको क्षमता अभिवृद्धि गर्न आवश्यक छ ।

३. नेपाल स्वास्थ्य अनुसन्धान परिषदलाई स्वास्थ्य अनुसन्धानको क्षेत्रमा एउटा बलियो नियमनकारी निकायको रुपमा स्थापित गर्दै संघीय संरचनामा नेपाल अनुसन्धान प्रणालीलाई रुपान्तरण गर्नुपर्ने आवश्यकता छ ।

४. स्वास्थ्य क्षेत्रका नयाँ समस्याहरुको सामना गर्न तथा आगामी दिनमा आउनसक्ने स्वास्थ्यका चुनौंतीलाई समेत मध्यनजर गर्दै स्वास्थ्य क्षेत्रका प्राथमिकताहरु तय गर्दै अध्ययन अनुसन्धान गर्नु गराउनुपर्ने आवश्यकता छ ।

५. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानलाई सुदृढीकरण गर्दै तथ्य र प्रमाणमा आधारित नीति र कार्यक्रम तर्जुमा गर्न तथा विभिन्न भूगोल र समुदाय अनुरुप विविध रोगहरु तथा समस्याहरुको भार तथा वितरणको अवस्था यकिन गरी आवश्यक तथ्य र प्रमाणहरु प्रदान गर्न आवश्यक छ ।

## ६. सोच (Vision)

स्वास्थ्य अनुसन्धान मार्फत गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको सुनिश्चितता गरी स्वस्थ नागरिक र स्वस्थ समाज निर्माण गर्ने ।

## ७. ध्येय (Mission)

स्वास्थ्य अनुसन्धानलाई गुणस्तरीय बनाउदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरुमा आधारित स्वास्थ्य पद्धतिको विकास गर्ने ।

## ८. लक्ष्य (Goal)

स्वास्थ्य अनुसन्धान, अनुसन्धानको प्रवर्द्धन, क्षमता विकास तथा नियमन गरि जनस्वास्थ्यमा उच्चतम योगदान गर्ने ।

## ९. उद्धेश्यहरू

१. संघीयता अनुरुप स्वास्थ्य अनुसन्धान प्रणालीको विकास र विस्तार गर्ने ।

२. स्वास्थ्य अनुसन्धानमा आधारित नीति निमार्ण, योजना तर्जुमा गर्न तथ्य र प्रमाण उपलब्ध गराउने ।

३. राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुसन्धान आचार संहिता र मान्यताहरुको अबलम्बन गर्दै स्वास्थ्य अनुसन्धानको प्रभावकारी नियमन गर्ने ।

४. स्वास्थ्य अनुसन्धानका विभिन्न विषयगत क्षेत्रहरुमा अनुसन्धान क्षमता अभिबृद्धि गर्ने ।

५. अनुसन्धान संस्कृतिको प्रवर्द्धन तथा नवीनतम ज्ञान र प्रविधिलाई प्रोत्साहन गर्ने ।

## १०. रणनीतिको क्षेत्राधिकार

यो रणनीति स्वास्थ्य अनुसन्धान क्षेत्रको मूल रणनीतिको रुपमा रहनेछ । संविधान र स्वास्थ्य नीतिको मर्म अनुरुप स्वास्थ्य अनुसन्धानसंग सम्बन्धित सवै गतिविधिहरु यसै रणनीतिद्वारा निर्देशित हुनेछन ।

## ११. मार्गनिर्देशक नीति

स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरुलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गर्नु यस रणनीतिको मार्गनिर्देशक नीति हुनेछ ।

## १२. रणनीतिहरू

१. स्वास्थ्य अनुसन्धान प्रणालीको संस्थागत संरचना, जनशक्ति र पूर्वाधार, क्षमता, प्राथमिकता तथा कार्यक्षेत्रलाई संघीयता अनुरुप क्रमशः विकास र विस्तार गरिनेछ ।

२. अनुसन्धानवाट प्राप्त तथ्य र प्रमाणलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासका लागि सदुपयोग गरिनेछ ।

३. स्वास्थ्य अनुसन्धानलाई विश्वसनीय र गुणस्तरीय वनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुल्य मान्यता तथा मापदण्डहरुलाई अवलम्बन गरी स्वास्थ्य अनुसन्धानहरुलाई प्रभावकारी अनुगमन, मूल्यांकन र नियमनको व्यवस्था गरिनेछ ।

४. स्वास्थ्य अनुसन्धान संस्कृति, नवीनतम ज्ञान, सिप र प्रविधिको विकासलई प्रवर्द्धन तथा प्रोत्साहन गरिनेछ ।

५. स्वास्थ्य अनुसन्धानको क्षेत्रमा साझेदारीको प्रबर्धन गरिनेछ ।

६. देशमा उपलब्ध औषधीय जडिबुटी, जान्तव, खनिज द्रव्य, आयुर्वेद तथा परम्परागत चिकित्सा सम्बन्धी ग्रन्थ, ज्ञान, सीप आदिको अनुसन्धान गरी संरक्षण र सम्वर्धन तथा बौद्धिक सम्पत्तिको रुपमा अभिलेखीकरण गरिनेछ ।

## १३. रणनीति अन्तर्गतका कार्यनीतिहरू

१. स्वास्थ्य अनुसन्धान प्रणालीको संस्थागत संरचना, जनशक्ति र पूर्वाधार,क्षमता, प्राथमिकता तथा कार्यक्षेत्रलाई संघीयता अनुरुप क्रमशः विकास र विस्तार गरिनेछ ।

१.१. नेपाल स्वास्थ्य अनुसन्धान परिषदको संस्थागत संरचनालाई प्रदेश र स्थानीय सरकारसंगको समन्वयमा प्रत्येक प्रदेश तथा आवश्यकता अनुसार स्थानीय तहमा विस्तार गरिनेछ ।

१.२. स्वास्थ्य अनुसन्धान परिषद्को नीति, ऐन, नियम र मापदण्ड अनुरुप संघीय, प्रदेश र स्थानीय सरकारको समन्वयमा स्वास्थ्य प्रणालीको आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धि विभिन्न विधा र क्षेत्रका अध्ययन, अनुसन्धान कार्य गर्ने गराइनेछ ।

१.३. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता र मान्यता अनुसार बजेटको निश्चित प्रतिशत स्वास्थ्य अनुसन्धानमा छुट्याउनका लागि सवै तहको सरकारसंग पहल गरिनेछ ।

१.४. अनुसन्धानको लागि आवश्यक जनशक्ति अभिवृद्धि तथा पूर्वाधारको विकास गर्दै क्रमशः परिषदले प्रदेश सरकारको समन्वयमा प्रदेश स्तरमा आवश्यकता अनुसार उत्कृष्ट अनुसन्धान केन्द्रको (Center of Excellence) स्थापना गर्नेछ ।

१.५. स्वास्थ्य अनुसन्धानमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र वाह्य विकास साझेदारबाट प्राप्त हुने सहयोगलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धता र प्राथमिकता अनुसार सदुपयोग गरिनेछ ।

१.६ स्वास्थ्य अनुसन्धानको विद्यमान अवस्था, स्वास्थ्य क्षेत्रका चुनौती र समस्याहरुलाई मध्यनजर गरी स्वास्थ्य अनुसन्धानका क्षेत्रहरु पहिचान गर्दै, संघीय ढाँचा अनुरुप अनुसन्धानका प्राथमिकताका क्षेत्रहरुलाई अद्यावधिकर परिमार्जन गरिनेछ ।

१.७. स्वास्थ्य प्रणालीलाई सुधार गर्न स्वास्थ्य सेवालाई प्रत्यक्ष परोक्ष प्रभाव पार्ने क्षेत्रमा आवश्यकता बमोजिम अनुसन्धान गर्न गराउन अनुसन्धान कार्ययोजना निर्माण गरिनेछ । स्वास्थ्य अनुसन्धानमा अनुदान र सहमति प्रदान गर्दा प्राथमिकता तोकिएका क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

१.८. स्वास्थ्य अनुसन्धानमा उपलब्ध स्रोत र साधनहरुको उच्चतम प्रयोग गर्दै, नेपालको संविधान, दीगो विकास लक्ष्य (SDGs)र स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health Coverage)को अवधारणा अनुरुप सबैलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नेपालको स्वास्थ्य अनुसन्धानको जनशक्ति, पूर्वाधार तथा प्राविधिक क्षमताको अभिबृद्धि गरिनेछ ।

१.९ स्वास्थ्य अनुसन्धानकर्ता र वैज्ञानिक तथा प्राविधिक जनशक्तिलाई स्वास्थ्य क्षेत्रका विभिन्न विषयहरुमा अनुसन्धान गर्न अनुकूल वातावरण सृजना गरिनेछ । अनुसन्धानकर्ताको क्षमताको उच्च सम्मान हुने अवस्था सृजना गर्न कार्यक्षमताको आधारमा सुविधाको (Performance based Incentive) व्यवस्था मिलाइनेछ ।

१.१० नियमित रुपमा, अनुसन्धान पद्धति, वैज्ञानिक लेखन, तथ्याङ्क व्यवस्थापन एवं प्रस्तावना लेखन तथा अभ्यास सम्बन्धि तालिम तथा कार्यशाला गोष्ठीहरुको आयोजना गरिनेछ । नवीन अनुसन्धानकर्तालाई अनुसन्धानमा उत्प्रेरित गर्न र टिक्ने वातावरण निर्माण गर्न वृत्ति विकास र प्राज्ञिक एवं प्राविधिक क्षमता अभिवृद्धिका अवसरहरुको सृजना गरिनेछ ।

१.११ अनुसन्धान संस्कृतिको विकास र प्रवर्द्धन गर्न सवै तहमा सरकारी तथा गैरसरकारी शैक्षिक संस्था, प्रतिष्ठान तथा मेडिकल, अनुसन्धान संस्थाहरु र अस्पतालहरुमा अनुसन्धान एकाई स्थापना गरि अनुसन्धानका गतिविधि संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१.१२ देशमा उपलब्ध स्वास्थ्य सम्वन्धि परम्परागत चिकित्सा पद्धति, ज्ञान, सीप आदिको अनुसन्धान गरी बौद्धिक सम्पत्तिको रुपमा अभिलेखीकरण, संरक्षण र सम्बर्धन गर्न पहल गरिनेछ ।

१.१३ संघ, प्रदेश र स्थानीय तहसंगको सहकार्यमा सवै तहका स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिलाई अनुसन्धानको दृष्टिकोणले उपयुक्त हुने गरि तथ्याङ्क संकलन, प्रशोधन, विष्लेषण गर्न आवश्यकता अनुसार तालिम प्रदान गरिनेछ । स्वास्थ्य नीति निर्माणका लागि, स्वास्थ्य अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरु उपयोग गर्न क्षमता अभिबृद्धि गरिनेछ ।

१.१४ अनुसन्धान सम्वन्धि नीति, योजना कार्यक्रम गर्दा तथा अनुसन्धान कार्यमा आवश्यकता अनुसार स्वास्थ्यका विभिन्न विधा तथा विभिन्न वर्ग, क्षेत्र, लिंग र समुदायको समावेशी सहभागितालाई प्रोत्साहन गरिनेछ ।

१.१५ दिगो विकास लक्ष्य र स्वास्थ्यमा सर्वव्यापी पहुँचको लक्ष्य प्राप्त गर्न कार्यान्वयात्मक अनुसन्धान (Implementation Research) गर्ने तथा गराइनेछ ।

१.१६ देशमा संचालन भई सकेका तथा विद्यमान स्वास्थ्य अनुसन्धानका अभिलेख तयार पारिनेछ । साथै स्वास्थ्य अनुसन्धान तथ्याङ्क आदान-प्रदान (Data sharing) को लागि निर्देशिका बनाई लागु गरिनेछ ।

१.१७ प्रदेश सरकार र स्थानीय तहको सहकार्य र साझेदारीमा स्थानीय तहमा आवश्यकता र अवस्था अनुरुप विभिन्न समुहमा हुने स्वास्थ्य जोखिम कम गर्न कुनै निश्चित क्षेत्र वा लक्षित समुह (विभिन्न उमेर समुह, वर्ग, समुह र समुदायका नागरिक) मा विस्तृत स्वास्थ्य अध्ययन (अनुसन्धान गरिनेछ ।

१.१८ राष्ट्रिय स्वास्थ्य अनुसन्धान सुचना प्रणाली (National Health Research Information System) को निर्माण गरिनेछ ।

२. अनुसन्धानवाट प्राप्त तथ्य र प्रमाणलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा सदुपयोग गरिनेछ ।

२.१ स्वास्थ्य प्रणालीका विविध समस्या र आवश्यकतालाई संवोधन गर्न स्वास्थ्य क्षेत्रका प्राथमिकता बमोजिम अध्ययन अनुसन्धान गरी अनुसन्धानवाट प्राप्त तथ्य र प्रमाणलाई नीति निर्माण, योजना तर्जुमा पद्धतिमा जोड्न सम्बन्धित निकायसंग आवश्यक पहल र समन्वय गरिनेछ ।

२.२ अनुसन्धानवाट प्राप्त प्रमुख तथ्य र प्रमाणमा आधारित नीति संक्षेप (policy briefs) तयारपारि नीति निर्माण र कार्यन्वयन गर्ने तहमा पुर्‍याइनेछ ।

२.३ अनुसन्धान कर्ता र नीति निर्माता वीचमा समन्वय र सहजीकरण गर्न तथा अनुसन्धानका तथ्य र सूचनाहरुको नीति निर्माण तहमा सम्प्रेषण गर्न उपयुक्त समन्वय संयन्त्रको विकास गरिनेछ । .

२.४ स्वास्थ्यलाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्ने क्षेत्रका आवश्यकता र प्राथमिकता बमोजिम स्वास्थ्य अनुसन्धानहरु गर्नेर गराइनेछ ।

२.५ स्वास्थ्य सम्बन्धि दिगो विकास लक्ष्यका सूचकहरुमा भएका प्रगतिहरु तथा सबैको पहुँचमा गुणस्तरीय स्वास्थ्य (Universal Quality Health Coverage) प्राप्त गर्नका लागि भएका उपलब्धिहरुको अध्ययन गरी नीति निर्माण तथा कार्यन्वयन तहमा आवश्यक पृष्ठपोषण गरिनेछ ।

२.६ बहुक्षेत्रीय समन्वय मार्फत अन्य क्षेत्रका जनस्वास्थ्य सम्बन्धित नीति निर्माण तथा योजना तर्जुमा गर्दा अनुसन्धान वाट प्राप्त तथ्य र प्रमाणलाई समावेश गर्न पहल र पैरवी गरिनेछ ।

३. स्वास्थ्य अनुसन्धानलाई गुणस्तरीय र विश्वसनीय वनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा मापदण्डहरुलाई अवलम्बन गरी स्वास्थ्य अनुसन्धानहरुलाई प्रभावकारी अनुगमन, मूल्यांकन र नियमनको व्यवस्था गरिनेछ ।

३.१ प्राविधिक, वैज्ञानिक तथा नैतिक उत्कृष्टता कायम राख्दै स्वास्थ्य अनुसन्धान अनुमतिको प्रकृयालाई सरल बनाईनेछ। अनुमति, अनुगमन तथा नियमनका लागि आवश्यक निर्देशिका, मापदण्ड र प्रोटोकलहरुको समयानुकूल परिमार्जन तथा विकास गरि लागु गरिनेछ ।

३.२ स्वास्थ्य अनुसन्धानको गुणस्तर सुनिश्चितताका लागि परिषदको आचार संहिता पुनरावलोकन बोर्ड (Ethical Review Board (ERB) र Institutional Review Committee (IRC) हरुको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गरि सुदृढीकरण गरिनेछ ।

३.३ अनुसन्धानमा एकरुपता ल्याउन सवै क्षेत्र तथा निकायवाट गरिने स्वास्थ्य अनुसन्धानका नतिजालाई एकीकृत गर्ने प्रणालीको विकास गरिनेछ । यसका लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

३.४ स्वास्थ्य अनुसन्धान सम्बन्धित बौद्धिक सम्पत्ति अधिकारको संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।

४. स्वास्थ्य अनुसन्धान संस्कृति, नवीनतम ज्ञान, सीप र प्रविधिको विकासलाई प्रवर्द्धन तथा प्रोत्साहन गरिनेछ ।

४.१ अनुसन्धान संस्कृतिलाई प्रवर्द्धन गर्दै स्वास्थ्य अनुसन्धानमा नयाँ प्रविधिको उपयोगलाई जोड दिईनेछ ।

४.२ स्वास्थ्य अनुसन्धानबाट प्राप्त नयाँ प्रविधि, नवीनतम सोचलाई स्वास्थ्य सेवामा आधुनिक प्रविधिको विकास र विस्तारका सदुपयोग गर्न पहल गरिनेछ ।

४.३ नियमित तथा अनुसन्धान विशेष जर्नलहरु प्रकाशित गरिनेछ ।

५. स्वास्थ्य अनुसन्धानको क्षेत्रमा साझेदारीको प्रबर्धन गरिनेछ ।

५.१ तथ्यमा आधारित नीति तथा योजना तर्जुमा गर्न सबै क्षेत्रमा स्वास्थ्यका लागि अनुसन्धान (Research for Health) गर्न प्रेरित गरिनेछ ।

५.२ विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान, स्वास्थ्यसंग सम्बन्धित सरकारी तथा गैर सरकारी शैक्षिक संस्थाहरुलाई अनुसन्धानमा सहभागी हुन प्रोत्साहन तथा सहजीकरण गरिनेछ ।

५.३ राष्ट्रिय प्राथमिकता बमोजिम अध्ययन अनुसन्धान गर्न तथा अनुसन्धानको क्षमता अभिवृद्धि गर्न वश्व स्वास्थ्य संगठन (WHO) लगायत अन्तर्राष्ट्रिय संस्थाहरुसंग साझेदारी गरिनेछ । अध्ययन तथा अनुसन्धानसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँगको सञ्जाल स्थापना गरिनेछ ।

५.४ खाद्य, पानी, वायू, ध्वनिको प्रदुषण, जलवायु परिवर्तन, जैविक प्रतिरोध लगायतका कारणले जनस्वास्थ्यमा प्रभाव पारिरहेको र नसर्ने रोग लगायतका जनस्वास्थ्य नयाँ चुनौतीको वढ्दो भारलाई समेत मध्यनजर गर्दै त्यसको न्यूनिकरण र नियन्त्रण गर्नको लागि सरकारका विभिन्न निकाय, शैक्षिक संस्था तथा प्रतिष्ठानसंगको

साझेदारी र सहकार्यमा बहुपक्षीय अनुसन्धान परियोजनाहरु निर्माण गरि अनुसन्धान गर्ने गराइनेछ ।

५.५ संघ, प्रदेश र स्थानीय सरकारसंग सहकार्य र साझेदारीमा कुनै निश्चित क्षेत्र वा लक्षित समुह (विभिन्न उमेर समुह, वर्ग, समुह र समुदायका नागरिक) मा विस्तृत स्वास्थ्य अध्ययन अनुसन्धान गरिनेछ ।

६. देशमा उपलब्ध औषधीय जडीबुटी, जान्तव, खनिज द्रव्य, आयुर्वेद तथा परम्परागत चिकित्सा सम्बन्धी ग्रन्थ, ज्ञान, सीप आदिको अनुसन्धान गरी बौद्धिक सम्पत्तिको रुपमा अभिलेखीकरण, संरक्षण र सम्वर्धन गरिनेछ ।

६.१. नेपालमा पाईने जडीबुटीहरु, जीवजन्तुहरु, खनिजहरु, सूक्ष्म जीव (Microbiome) तथा परम्परागत ज्ञानको पहिचान, संरक्षण, संकलन, प्रवर्धन गर्दै आयुर्वेद चिकित्सामा वैज्ञानिक र नवीनतम खोज अनुसन्धानमा विशेष प्राथमिकता र प्रोत्साहन गरिनेछ ।

६.२ संघ, प्रदेश र स्थानीय सरकारसंग सहकार्य र साझेदारीमा नेपालमा पाईने जडिबुटीहरु, जीवजन्तुहरु, खनिजहरु, सूक्ष्म जीव (Microbiome) तथा परम्परागत ज्ञानको अध्ययन-अनुसन्धान गरि अभिलेखीकरण गरिनेछ ।

६.३ आयुर्वेद तथा परम्परागत चिकित्सा अनुसन्धान सम्बन्धि बौद्धिक सम्पत्ति अधिकारको संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।

## १४. संस्थागत व्यवस्था

यस स्वास्थ्य अनुसन्धान रणनीति कार्यन्वयनको लागि देहाय बमोजिमको व्यवस्था गरिनेछ ।

१. **संरचनागत सुधारः** यस रणनीतिको प्रभावकारी कार्यन्वयनको लागि यस रणनीतिले परिकल्पना गरे अनुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषदको विद्यमन संरचनालाई संघीय संरचना अनुरुप संघ, प्रदेश र आवश्यकता अनुसार स्थानीय तहको समन्वयमा विस्तार र विकास गरिनेछ ।

विश्वविद्यालय लगायतका प्राज्ञिक निकाय तथा स्वास्थ्य प्रणालीका विभिन्न संरचनासंग समेत आवश्यक साझेदारी गरिनेछ ।

प्रदेश र स्थानीय सरकार तथा अन्य सरोकारवालासंगको समन्वयको लागि परिषदमा एक समन्वय संयन्त्रको स्थापना गरिनेछ । प्रादेशिक तथा स्थानीय तहमा हुने स्वास्थ्य अनुसन्धानमा परिषदले आवश्यक नीतिगत मार्गनिर्देश गर्नेछ ।

२. **कानूनीरनीतिगत सुधारः** यस रणनीतिले परिकल्पना गरे अनुसार आवश्यक मापदण्ड, निर्देशिका, कार्यविधि, प्रोटोकल लगायतका नीतिगत र कानूनी दस्तावेजहरु विकास गरि लागु गरिनेछ ।

विद्यमान स्वास्थ्य समस्या र चुनौतीहरुको संवोधन हुनेगरि स्वास्थ्य अनुसन्धानका प्राथमिकताहरु तय गरि सो अनुरुपको विस्तृत कार्ययोजना निर्माण गरिनेछ ।

यस रणनीति अनुकुल हुने गरि प्रादेशिक तहमा स्वास्थ्य अनुसन्धान नीति(योजना र प्राथमिकता तर्जुमा गर्न परिषदले आवश्यक प्राविधिक र नीतिगत सहयोग र समन्वय गर्नेछ ।

३. नयां संरचना र प्राथमिकता अनुरुप अनुसन्धानका गतिविधि गर्न विद्यमान जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ भने संघ र प्रदेश सरकारको समन्वयमा आवश्यक थप जनशक्तिको व्यवस्था गरिनेछ । नवीन ज्ञान, प्रविधि र अनुसन्धानकर्तालाई उत्प्रेरित गरिनेछ ।

४. यस रणनीतमा उल्लेखित कार्यनीतिहरुको नतिजा सूचक सहितको विस्तृत कार्ययोजना तयार गरि कार्यन्वयन गरिनेछ र बार्षिक रुपमा समिक्षा र पुनरावलोकन समेत गरिनेछ ।

## १५. वित्तीय स्रोत

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारवाट विनियोजित सरकारी स्रोत, परिषदको आन्तरिक स्रोत, निजी तथा गैर सरकारी क्षेत्रवाट प्राप्त सहयोग तथा अन्तर्राष्ट्रिय साझेदार संस्थावाट प्राप्त गरिने स्रोत यस अनुसन्धान नीति कार्यन्वयनको लागि वित्तीय स्रोत हुनेछन ।

रणनीति कार्यन्वयनको लागि स्वास्थ्य अनुसन्धानका प्राथमिकता अनुसार राष्ट्रिय अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी निकायसंग सहकार्य र साझेदारी गरिनेछ ।

## १६. अनुगमन तथा मूल्याङ्कन

स्वास्थ्य अनुसन्धान परिषदले गर्ने गराउने अनुसन्धानलाई विश्वसनीय, गुणस्तरीय र थप व्यवस्थित बनाउन नियमित रुपले अनुगमन मूल्याङ्कन तथा नियमनको व्यवस्था गर्न उपयुक्त अनुगमन तथा मुल्याङ्कन प्रणालीको विकास गरि परिषदमा छुट्टै अनुगमन संयन्त्र निर्माण गरिनेछ ।

रणनीति कार्यन्वयन अबस्थाको आवधिक रुपमा अनुगमन मुल्याङ्कन गरिनेछ ।

## १७. जोखिम

संविधानले स्वास्थ्य क्षेत्रलाई विस्तृत रुपमा लिपिवद्ध गरेको छ । संघीय संरचना अनुरुप स्वास्थ्य अनुसन्धानको विकास र विस्तार गर्नुपर्ने अवस्था छ । अर्कोतर्फ बजेट, पुर्वाधार र

जनशक्ति अपर्याप्तताले गर्दा हाल भैरहेका अनुसन्धानलाई नै प्रभावकारी बनाउन चुनौती विद्यमान छ । यस अवस्थामा यथेष्ट स्रोत, पुर्वाधार र जनशक्तिको अभाव भयो भने संविधान र स्वास्थ्य नीतिले मार्गनिर्देश गरे अनुरुप संघीय संरचनामा नयां स्वास्थ्य चुनौती र प्राथमिकता संवोधन हुने गरि यस दस्तावेजमा उल्लेखित रणनीति तथा कार्यनीतिहरु कार्यन्वयनमा कठिनाई हुने सम्भावना छ ।

## १८. खारेजी र वचाउ

राष्ट्रिय स्वस्थ्य नीति २०७६ बमोजिम विषयगत नीतिगत दस्तावेजको रुपमा यस नेपाल स्वास्थ्य अनुसन्धान रणनीति २०७६ जारी गरिएको छ । नेपाल स्वास्थ्य अनुसन्धान नीति २०६७ खारेज गरिएको छ ।

**नेपाल स्वास्थ्य अनुसन्धान परिषद्**

रामशाह पथ, काठमाडौं, नेपाल

फोनः +९७७-१-४२५४२२०

फ्याक्सः +९७७-१-४२६२४६९

इमेलः nhrc@nhrc.gov.np

वेवसाइटः www.nhrc.gov.np